"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

SAHAKARITA
द्वैमासिक

वर्ष ८ अंक २२, असोज-कार्तिक, २०७७ | www.ncbl.coop | September 17-November 15

## सहकारी बैंकद्वारा सातै प्रदेशको वार्षिक समिक्षा

### प्रदेश नं. १

# सहकारीमा दोहोरो सदस्यताले राज्य र सहकारी अभियानलाई के क्षति गर्‍यो ?

ललितपुर, १४ असोज

राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा बैंकको प्रगति समिक्षा एवम् भावी कार्यदिशा : सभावना र चुनौती विषयक एक दिने प्रदेश नं. १ स्तरीय अन्तरक्रिया कार्यक्रम असोज १४ गते सम्पन्न भएको छ । बैंक मार्फत सहकारी अभियानलाई थप प्रभावकारी र व्यवस्थित गराउन तथा बैंकका चालु आर्थिक वर्षका साथै आगामी वर्षका योजनाहरुको बारेमा जानकारी गराउनुका साथै सुझाव संकलन गर्ने उदेश्यले कार्यक्रमको आयोजना गरिएको बैंकले जनाएको छ । कोरोना संक्रमणका कारण उत्पादन असहज परिस्थितिमा बैंकले कस्तो योजना बनाएर अगाडि बढ्दा समग्र सहकारी क्षेत्रको विकासमा सहयोग पुग्न सक्छ ?, सरोकारवाला निकायहरुसंग कसरी समन्वय गरेर अगाडि बढ्न सकिन्छ भन्ने विषयमा कार्यक्रममा छलफल भएको थियो ।

*बाँकि पेज नं. ६ मा......*

# नेडाकको उपाध्यक्षमा के. बी. उप्रेती




ललितपुर, १ कार्त्तिक

राष्ट्रिय सहकारी बैंक लिमिटेडका अध्यक्ष के.बी.उप्रेती एशिया तथा प्यासिफिक क्षेत्रका कृषि सहकारीहरुको विकासका लागि सञ्जाल (नेडाक) को उपाध्यक्षमा पुन निर्वाचित हुनु भएको छ । नेडाकको कात्तिक १ गते भएको साधारणसभाबाट उप्रेती दोस्रो कार्यकालका लागि उपाध्यक्षमा सर्वसम्मत चयन हुनु भएको हो । राष्ट्रिय सहकारी बैंकका तर्फबाट उप्रेतीले नेडाकमा प्रतिनिधित्व गर्दै आउनु भएको हो । सन १९६३ मा स्थापना भई भारतमा सहकारी क्षेत्रको लागि विशेष रुपमा सञ्चालित नेडाकले विशेष गरी कृषि क्षेत्रमा काम गर्दै आइरहेको छ । एशियाका १६ संस्थाको सञ्जालबाट शुरु भएको नेडाकमा हाल २४ सदस्य संस्थाहरु आवद्ध रहेका छन् । नेपालको तर्फबाट राष्ट्रिय सहकारी बैंक, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी विकास बोर्ड र केन्द्रीय कृषि सहकारी संघ सदस्य रहेका छन् ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**
के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्री कुमार गुरागाई

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक**
माधवलाल देवकोटा

**सदस्यहरू**
राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**
नविन कुमार कार्की

**प्रधान सम्पादक**
राम बहादुर जि.सी.

**सहयोगी**
बिबेक खड्का

**ठेगाना**
राष्ट्रिय सहकारी बैंक लिमिटेड
कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर
फोन नं : ०१-५१८०१८२
फ्याक्स: +९७७-०१-५५५५६८७
E-mail: publication@ncbl.coop
ncbl@ncbl.coop
Website: www.ncbl.coop

## सम्पादकीय

### कर्जा सूचना केन्द्र सञ्चालनमा किन ढिलाई?

सहकारी ऐन २०७४ को ८१ मा कर्जा सूचना केन्द्रको व्यवस्था गरिएको छ । सहकारी संस्थाको कर्जा प्रवाहमा शुद्धता कायम गरी कर्जा प्रवाह सम्बन्धी सूचना प्राप्त गर्ने समेतका कार्य गर्न मन्त्रालयले सरोकारवालाहरुको सहभागितामा कर्जा सूचना केन्द्रको स्थापना गर्न सक्ने व्यवस्था ऐनमा छ। सहकारी नियमावली २०७५ को ३७ मा मन्त्रालयले कर्जा सूचना केन्द्र स्थापना गर्दा विशिष्ठिकृत सहकारी संघको ढाचामा गर्न सक्ने व्यवस्था गरेको छ।
कर्जा सूचना केन्द्रको सञ्चालनका लागि साधारणसभाबाट निर्वाचित अध्यक्ष सहित भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, अर्थमन्त्रालय, सहकारी विभाग, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ, नेपाल कृषि केन्द्रीय सहकारी संघ, नेपाल बहुउद्देश्यीय सहकारी संघका प्रतिनिधि रहने व्यवस्था रहेको छ।

सहकारी ऐन जारी भएको ३ वर्ष पुरा भइसक्यो, नियमावली जारी भएको पनि २ वर्ष पुरा भयो तर कर्जा सूचना केन्द्र सञ्चालन हुन सकिरहेको छैन । सहकारी संस्थाहरुले गरेको कर्जा लगानीलाई प्रभावकारी बनाउन, शेयर सदस्यले गरेको लगानीलाई सुरक्षित गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ ल्याइएको कर्जा सूचना केन्द्र सञ्चालनमा आउने विषयमा अझै अन्यौलता सिर्जना हुनु सकारात्मक पक्ष होइन ।

मन्त्रालय र अभियान समेतको सहभागितामा सञ्चालन हुने कर्जा सूचना केन्द्र छिटो भन्दा छिटो कार्यान्वयनमा ल्याउनु पर्छ। ऐन कार्यान्वयनका क्रममा सदस्यहरुलाई समस्यामा पार्ने विषयहरु भन्दा सदस्यहरुलाई सहजता प्रदान गर्ने, सदस्यहरुले जम्मा गरेको रकमको सुरक्षा गर्ने तथा सहकारी क्षेत्रको कर्जा प्रवाहको सूचना संकलन र संरक्षण तथा सम्प्रेषणका लागि उच्चकोटीको प्रविधि उपयोग गरी सुरक्षाका उपायहरु अबलम्बन गरी सहकारीमार्फत गरिएका लगानीलाई प्रभावकारी बनाउन ध्यान दिन जरुरी छ । सहकारी क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउनका लागि ऐन कार्यान्वयन जरुरी छ । ऐनमा उल्लेख भएको कर्जा सूचना केन्द्रलाई छिटो भन्दा छिटो कार्यान्वयनमा ल्याउन सम्बन्धित सरोकारवालाहरुले ध्यान दिन जरुरी छ।

# सहकारी समाजवादको पाठशाला हो : बाँस्कोटा

ललितपुर, १२ असोज
राष्ट्रिय सहकारी महासंघ नेपालका पूर्व अध्यक्ष तथा पूर्व गृहराज्यमन्त्री दिपक प्रकाश बाँस्कोटाले सहकारी समाजवादको पाठशाला भएकाले राजनीतिक दलहरुले सहकारीको प्रवर्द्धनमा ध्यान दिनु पर्नेमा जोड दिनु भएको छ । राष्ट्रिय सहकारी बैंक लिमिटेडको तदर्थ समितिका संयोजक समेत रहेका बाँस्कोटाले सहकारी बैंकले असोज १२ गते आयोजना गरेको पूर्व सञ्चाकहरुबीचको भर्चुअल अन्तरक्रिया कार्यक्रममा बोल्दै यस्तो बताउनु भएको हो । सहकारी जति सफल भयो समाजवाद त्यति दिगो हुन्छ, बाँस्कोटाले भन्नुभयो, संविधानको प्रस्तावनामा समाजवाद उन्मुख राज्य बनाउने भनेर मात्रै हुदैन, त्यसको विकासका लागि सहकारी क्षेत्रको प्रवर्द्धन अपरिहार्य छ ।
जनतालाई आर्थिक रुपमा सक्षम बनाउनदेखि प्रजातान्त्रिक अभ्यासमा समेत सहकारीको महत्वपूर्ण भूमिका रहदै आएको छ, तर सहकारी क्षेत्रले जनतालाई वित्तीय रुपमा सक्षम बनाउन, सामाजिक रुपमा सचेत बनाउन खेलेको भूमिका प्रति राज्यका निकायहरु संवेदनशिल बन्न सकिरहेका छैनन्, बास्कोटाको भनाइ थियो । सहकारी बैंकले देशका १२ हजार भन्दा बढी सहकारीहरुलाई एकत्रित गरी सहकारी क्षेत्रका प्रवर्द्धनमा योगदान गरेको छ, देशभरका सहकारी संघ संस्थाहरुले यस्तै काम गरेका छन, तर यसलाई प्रभावकारी सञ्चालनका लागि राज्यका तर्फबाट सहयोग नभएको गुनासो उहाँले गर्नु भयो ।
वित्तीय रुपमा सक्षम बन्दै गएको, देशभर सञ्जाल भएको र गरिवी निवारणमा योगदान गर्दै आएको सहकारी बैंकलाई क्लियरिङ हाउसको सदस्यता दिन के ले छेकेको छ ? मैले बुझ्न सकेको छैन, बास्कोटाले भन्नुभयो, राज्य सञ्चालकहरु जहिलेसम्म सहकारीमैत्री बन्न सक्दैनन्, त्यतिबेलासम्म समाजवादको परिकल्पना साकार हुन सक्दैन ।
सहकारी बैंकलाई संघीय ढाचामा लैजान सुझाव दिदै बास्कोटाले सहकारी क्षेत्रमा अनावश्यक प्रतिस्पर्धा भन्दा पनि सेवालाई प्राथमिकता दिएर अगाडि बढ्न सहकारीकर्मीहरुलाई सुझाव दिनुभयो । सहकारी क्षेत्रको राष्ट्र बैंकका रुपमा राष्ट्रिय सहकारी बैंकलाई स्थापित गर्न सबैको सहयोग र सहकार्य आवश्यक रहेको उहाँको भनाइ थियो ।
कार्यक्रममा बैंकका पूर्व लेखा समितिका सदस्य कुलचन्द्र अधिकारी, पूर्व सञ्चालकहरु विजयराज घिमिरे, भागवत श्रेष्ठ, गोविन्द बहादुर मल्ल, मुक्तिनाथ पाण्डे, डिल्ली तिवारी, डा. विदुर चालिसे, मुकुन्द दाहाल, राम शरण शर्मा घिमिरे, पूर्व लेखा समितिका सदस्य सागर नेपाल, कुमार खत्री लगायतले सहकारी क्षेत्रको योगदान बढाउन सहकारी बैंकले गरेको काम सह्रानिय भएको बताउनुभयो । उहाँहरुले सहकारीकर्मीहरुको सहभागिता र सक्रियतामा सहकारी बैंक स्थापित भएको भन्दै राज्यको ध्यानाकर्षण गर्नका लागि थप योजना बनाएर सबैलाई सहभागी गराई अगाडि बढ्न सुझाव दिनुभयो ।

कार्यक्रमको शुरुवात गर्दै बैंकका अध्यक्ष के.बी. उप्रेतीले संस्थापक लगायत पूर्व सञ्चालकहरुको सल्लाह, सुझाव र सहभागितामा सहकारी बैंकलाई मुलुकको आर्थिक रुपान्तरणका महत्वपूर्ण साझेदार संस्थाका रुपमा विकास गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बैंकको पछिल्लो अवस्था र आगामी योजनाका बारेमा जानकारी गराउदै देशभरका सहकारीलाई दीगो रुपमा सञ्चालनमा सहयोग गर्न बैंक सक्षम भएको बताउनुभयो । बैंकको प्रगति समिक्षा एवम् भावि कार्यदिशा : संभावना र चुनौती विषयक कार्यक्रममा बैंकका पूर्व तथा निवर्तमान सञ्चालक र लेखा समितिका पदाधिकारी तथा सदस्यहरु र वर्तमान सञ्चालक समिति एवम् उच्च व्यवस्थापनका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

## सदस्य परिचय

# सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.

**१. नाम** : सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.

**२. ठेगाना** : प्रदेश २ जिल्ला सप्तरी कन्चनरुप न.पा. ८, कन्चनपुर

**३ संस्थाको संक्षिप्त परिचय**

कन्चनपुर सप्तरीमा अवस्थित यस सहयोगी बचत तथा ऋण सहकारी संस्थाले यस न.पा. मा रहेको विशेष गरी आर्थिक रूपमा विपन्न बर्गको आर्थिक स्तरलाई माथि उकास्न तथा बेरोजगारलाई स्वरोजगार बनाई कृषि तथा पशुपालन क्षेत्रको वृहत्तर विकास गर्नका लागि स्थापना भएको हो ।

**४ संस्थाको पृष्ठभमि**

सप्तरी जिल्लाको सदरमुकाम राजबिराज बाट ३७ कि.मी. उत्तर पुर्वमा रहेको यस सहयोगी बचत तथा ऋण सहकारी संस्था लि. कन्चनरुप न.पा. ८ मा रहेको कन्चनपुर बजारमा अवस्थीत रहेको छ । सप्तरी जिल्लाको सहकारी अभियानमा एक उत्कृष्ठ नमुना योगदान र आफ्ना शेयर सदस्यहरुलाई आर्थिक, सामाजिक तथा भाषिक पक्षको बिकासमा बिशेष योगदान दिइरहेको यस सहयोगी बचत तथा ऋण सहकारी संस्था गत आ.ब. २०७५/७६ मा राष्ट्रिय सहकारी बैंकको राजबिराज शाखामा उत्कृष्ठ कारोबार बिधामा परिष्कृत समेत भएको थियो । यो संस्था सप्तरी जिल्लाको कन्चनरुप न.पा. लाई कार्यक्षेत्र बनाई २०६५/०८/२० गते डिभिजन सहकारी कार्यालय लहान मा दर्ता नं. ञद्दद्धरण्टछ्रटट कायम गरी स्थापना भएको हो । आफ्नो स्थापना काल देखि नै संस्थाले आफ्नो कार्यक्षेत्र भित्र रही दैनिक तथा नियमित आर्थिक कारोबारको सहायताबाट सेयर सदस्यहरूलाई विभिन्न व्यवसायिक तथा कृषि क्षेत्रमा लगानी गरी ग्रामीण स्वरोजगारको क्रियाकलाप सिर्जना गरी आफुलाई त्यस क्षेत्रमा रहेको अन्य सहकारी संस्थाको तुलनामा अब्बल सावित गरेको छ ।

**५ संस्था स्थापनाको उद्देश्य :**

हालको कन्चनरुप न.पा. भैगोलिक हिसाबले समतल रहेता पनि यस क्षेत्रको बासिन्दालाई सामान्य आर्थिक त्रिस्याकलापमा सहभागी हुनसमेत अति नै समस्या तथा जोखिम मोल्नुपर्ने परिस्थिति रहेको अवस्थामा यस क्षेत्रका बासिन्दालाई विशेष गरी घर भित्रै रहन बाध्य महिला दिदीबहिनीहरूलाई समेत आर्थिक कार्यमा सहभागी गराई नियमित तथा मासिक बचत गर्न प्रेत्साहन गर्ने, यस संस्थामा संलग्न सदस्यहरुबीच स्वावलम्बन, पारस्परिक सहयोग एवं मितव्ययिताको अभिबृद्धि गरि नियमित बचत गर्ने, सदस्यहरुको व्यक्तिगत क्षमता विकास तथा उनीहरुको उत्पादन, व्यवसाय तथा पेसाको अभिबृद्धिका लागि बचत परिचालन गर्ने, सदस्यहरुको प्राथमिक आवश्यकता र आय आर्जन क्षमताको पहिचान गरि उत्पादनशिल, आयमुलक, शिपमुलक क्षेत्रमा लगानी व्यवस्थापन कार्यको प्रवर्धन गर्ने गरेको र समुदाय भित्र सामाजिक, साँस्कृतिक, शैक्षिक, स्वास्थ्य, परियावरण संरक्षण जस्ता क्रियाकलापको प्रवर्धन गर्ने उदेश्य यस संस्थाको रहेको छ ।

**६. संस्थामा आवद्ध सदस्य संख्या :**

यस संस्थाको हाल सम्मको सदस्य संख्या २३७४ जना रहेका छन् । जस मध्ये महिला ११५६ जना र पुरुष १२१८ जना रहेका छन् ।

**७. संस्थाको कार्यक्षेत्र :**

हाल यस सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.को कार्यक्षेत्र कन्चनरुप न.पा. भरि रहेको छ ।

**८. लगानीको क्षेत्रहरू :**

यस सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.को तपसिल बमोजिमको लगानीको क्षेत्र छ । जसले गर्दा सेयर सदस्यज्यूहरू स्वरोजगार र आत्मनिर्भर बन्नसमेत सक्षम हुनुभएको छ ।

क) कृषि तथा पशुपालन (जस्तै खसी, बाख्रा, गाई, भैंसीपालन, धान, गहुँ तथा तरकारी खेती, कुखुरापालन आदि)

ख) व्यापार व्यवसाय (जस्तो सिलाइ कटाइ, थोक तथा खुद्रा पसल, मिल आदि)

ग) हायरपर्चेज (मोटरसाइकल तथा टेम्पो, सी.टि रिक्सा खरिद)

**क) भौगोलिक अवस्था :**

कंचनरुप न.पा. समथर ठाउँ भएको हुनाले यस क्षेत्रमा प्राय खेतीयोग्य जग्गाहरु रहेको छ । यो ठाउँको १ कि.मि पुर्व सप्तकोशी नदि रहेको छ । यस ठाउँमा समथर रहेकोले यातायातको खासै समस्या छैन । यस क्षेत्रमा नदि, नाला, पैनी, कुलो रहेको हुनाले खेती गर्न खासै समस्या हुदैन ।

**ख) जनसंख्या :**

यस संस्थाको कार्यक्षेत्र कंचनरुप न.पा. भित्र ६३,५५६ जनसंख्याको बसोबास छ ।

**ग) भाषा :**

यस क्षेत्रमा विभिन्न जातजातिको बसोवास रहेकाले यहाँ प्राय मैथली तथा नेपाली भाषाको प्रयोग गरिन्छ ।

**घ) धर्म :**

यस संस्थाको कार्यक्षेत्रभित्र बसोबास गर्ने स्थानीय बासिन्दाले मुस्लिम तथा हिन्दु धर्म मान्ने गर्छन् ।

**ङ) कार्यक्षेत्रभित्र बसोवास गर्ने बासिन्दाको पेसा व्यवसाय :**

यस क्षेत्रका बासिन्दाको मुख्य पेसा कृषि तथा पशुपालन, केहीको ठुला-साना व्यापार व्यवसाय, पर्यटन र स-साना होटल व्यवसाय समेत रहेको छ ।

**१०) संस्था सञ्चालनको रणनीति :**

यस कंचनरुप न.पा.लाई कार्यक्षेत्र बनाई सञ्चालनमा रही आफ्ना सेयर सदस्यलाई वित्तीय तथा अन्य व्यावसायिक सहायता दिइरहेको यस सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.ले यस संस्थालाई व्यवस्थित र व्यवहारिक बनाई सञ्चालन गर्न यस संस्थाले तपसिलका रणनीतिक त्रिस्याकलाप सञ्चालन गरी संस्थालाई प्रभावकारी बनाई अगाडि बढाइरहेका छौं ।

तपसिल :

१. यस क्षेत्रका राजनीतिक दल तथा विज्ञहरूसँग आवश्यक परामर्श तथा सल्लाह र सुझाव लिने ।

२. नगरपालिकासँग आवश्यक समन्वय तथा सुझाव लिई आवश्यक अनुदान तथा सहायता लिने ।

३. संस्थाको कार्यक्षेत्रभित्र रहेका सेयर सदस्यमध्ये आवश्यकताका आधारमा वित्तीय सहायता दिने ।

४. संस्थाको वार्षिक योजना तथा बजेट सम्बन्धी कार्य पुर्ति गर्न सम्बन्धित क्षेत्रसँग निरन्तर समन्वय गर्ने ।

५. संस्थामा आबद्ध सेयर सदस्यलाई अधिकतम सुविधा दिने र बाह्य वित्तीय संस्थाबाट गाउँको आर्थिक स्रोत बाहिरिने भएकाले त्यस्तो प्रकारले बाहिरिने स्रोतलाई रोक्न विभिन्न आधार खडा गरी नगरपालिकासँग आवश्यक समन्वय गर्ने ।

***सहकारीमा दोहोरो सदस्यताले.......***

कार्यक्रमका सहभागीहरुले सहकारी क्षेत्रको एकमात्र बैंकलाई सहकारी संघ सस्थाको संस्थागत विकास र प्रवर्द्धनका लागि थप प्रभावकारी बनाउन सबैको सहयोग र समन्वय आवश्यक रहेको बताएका थिए । सहभागीहरुले सहकारीमा दोहोरो सदस्यताका विषयमा विवाद सिर्जना गरेर सहकारी क्षेत्रलाई कमजोर बनाउने खेल भइरहेको भन्दै सहकारी अभियानका अगुवाहरु सचेत बन्नु पर्नेमा जोड दिएका थिए । दोहोरो सदस्यताले राज्य र सहकारी अभियानलाई के घाटा पऱ्यो ? भन्दै ऐन संशोधनका लागि आग्रह गरेका थिए । सहकारी क्षेत्रमा अर्को बैंक आउने हल्ला सुनिएको भन्दै सहभागीहरुले अर्को बैंक ल्याउने भन्दा पनि यसैलाई थप व्यवस्थित, प्रभावकारी र सबै क्षेत्रमा पुग्न सक्ने बैंकका रुपमा अगाडि बढाउनु पर्नेमा जोड दिएका थिए । कोरोना संक्रमणका कारण समस्यामा परेका सहकारीहरुलाई सहज रुपमा पुरानै अवस्थामा पुऱ्याउनका लागि सहकारी बैंक सहित अभियानको सहयोग र समन्वय आवश्यक रहेको उनीहरुको भनाई थियो । कार्यक्रममा जिल्ला सहकारी संघ इलामका अध्यक्ष विष्णुदेवी दाहाल, जिल्ला सहकारी सहकारी संघ ताप्लेजुङका अध्यक्ष तामन सिग्देल, जिल्ला सहकारी संघ मोरङका अध्यक्ष डिल्ली पोखरेल, संघका सल्लाहकार रामचन्द्र गौतम, बहुउद्देश्यीय सहकारी संघ सुनसरीका अध्यक्ष केदार न्यौपाने, कृषि सहकारी संघ सुनसरीका अध्यक्ष कुशलचन्द्र विश्वास, कृषि सहकारी संघ मोरङका अध्यक्ष देवेन्द्र पौडेल, सन्तोष खतिवडा, महेन्द्र ढकाल, मेची सहकारी संस्था झापाका प्रमुख कार्यकारी अधिकृत खोम बगाले लगायतले आफ्नो सुझाव तथा धारणा राख्नु भएको थियो । कार्यक्रममा सहभागीहरुले उठाएका सवालहरुका बारेमा बैंकका अध्यक्ष के.बीं उप्रेती, निवर्तमान अध्यक्ष रमेशप्रसाद पोखरेल, लेखा समितिका संयोजक लक्ष्मीप्रसाद उप्रेती, सञ्चालक अमृता सुब्बाले बैंकको नीति, सहकारी सम्बन्धी पछिल्लो अवस्था र बैंक सहित अभियानका तर्फबाट भैरहेका प्रयासहरुका बारेमा जानकारी गराउनु भएको थियो । कार्यक्रममा बैंकको वर्तमान अवस्था, आगामी योजना लगायत वित्तीय व्यवस्थापनमा बैंकले गर्ने कार्यहरुका बारेमा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गरागाईले जानकारी गराउनु भएको थियो । कार्यक्रमको सञ्चालन बैंकका व्यवसाय प्रवर्धन विभाग प्रमुख मधु रायमाझीले गर्नु भएको थियो ।

# बैंकको लगनखेल शाखा कार्यालय स्थानान्तरण




राष्ट्रिय सहकारी बैंक लिमिटेडको शाखा कार्यालय लगनखेल पाटन अस्पतालको अगाडी पट्टीको भवनमा स्थानान्तरण भएको छ । कात्तिक २ गते स्थानान्तरण भएको शाखा कार्यालयको उद्घाटन बैंकका अध्यक्ष के.बी. उप्रेतीले गर्नु भएको थियो । कार्यक्रममा बोल्दै अध्यक्ष उप्रेतीले शाखाले अझै आफ्ना सदस्यहरु केन्द्रित रहेर सेवा दिने बताउनुभएको थियो । सो कार्यक्रममा बैंकका संचालक रामहरी बजगाई, ज्ञानबहादुर तामांग, बैंकका पूर्ब संचालक रामशरण शर्मा घिमिरे, केन्द्रीय उपभोक्ता सहकारी संघ संचालक दीपक राज पौडेल, बैंकका पूर्व संचालक बिजयराज घिमिरे, बैंकका पूर्ब लेखा समितिका सदस्य कुमार खत्री, ललितपुर जिल्ला सहकारी संघका अध्यक्ष माधव दुलाल, ललितपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघको अध्यक्ष शरद महर्जन, बाग्मती प्रदेश संघका संचालक इन्द्र घिमिरे, बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई, कर्जा असुली तथा गैर बैंकिंग सम्पति व्यवस्थापन विभाग प्रमुख मोहन बहादुर कार्की, लगायतका ब्यक्तित्वहरुको सहभागिता रहेको थियो ।

## लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेश

# सामाजिक सुरक्षा भत्ता सहकारी मार्फत वितरण गर्ने व्यवस्था मिलाउन माग

ललितपुर, १९ असोज

सरकारले जेष्ठ नागरिक लगायतलाई प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता सहकारीमार्फत वितरण गर्ने व्यवस्था मिलाउन पश्चिमका ३ प्रदेशका सहकारीकर्मीहरुले माग गरेका छन् । राष्ट्रिय सहकारी बैंक लिमिटेडले असोज १९ गते आयोजना गरेको बैंकको प्रगति समिक्षा एवम् भावी कार्यदिशा : सभावना र चुनौती विषयक एक दिने अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले यस्तो बताएका हुन् । प्रदेश नं. ५, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका सहकारीकर्मीहरुको सहभागिता रहेको अन्तरक्रियाका सहभागीहरुले सामाजिक सुरक्षा भत्ता सहकारीमार्फत परिचालन गर्दा लक्षित वर्गमा पुऱ्याउन सहज हुने बताएका हुन् । संविधानले सरकार, निजी क्षेत्र र सहकारी क्षेत्र सहितको तीन खम्बे अर्थनीतिमार्फत समृद्ध मुलुक निर्माणको परिकल्पना गरेको छ, तर व्यवहारमा सहकारी क्षेत्रलाई काम गर्ने अवसर प्राप्त भएको छैन भन्दै सहभागीहरुले सहकारी अभियानले सरकारसंग पहल गरेर सहकारीमार्फत सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था मिलाउनु पर्ने बताए ।

सहकारीमार्फत उत्पादन, प्रशोधन र बजारीकरणका क्षेत्रमा काम गर्न विभिन्न कानुनहरुका कारण समस्या भएको भन्दै सहकारीकर्मीहरुले सहकारी ऐन अनुसार व्यवसाय गर्न सहज हुने गरी कानुन परिमार्जनका लागि पहल गर्न सहकारी अभियानको शिर्ष नेतृत्वले ध्यान दिन आग्रह गरेका छन् ।

कार्यक्रममा जिल्ला स्तरीय सहकारी संघका अध्यक्षहरु, विषयगत सहकारी संघका अध्यक्षहरु, बैंकका शाखा समन्वय उपसमितिका संयोजक तथा सदस्यहरु, प्रदेश नं. ५, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशबाट राष्ट्रिय सहकारी महासंघ, केन्द्रीय विषयगत सहकारी संघहरुमा प्रतिनिधित्व गर्ने सहकारी अगुवाहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागीहरुले उठाएका सवाल तथा जिज्ञासाहरुकालाई सम्बोधन गर्दै बैंकका अध्यक्ष के.बीं उप्रेतीले सहकारीमार्फत उत्पादन प्रशोधन र बजारीकरणका क्षेत्रमा प्रभावकारी काम गर्नका लागि सहकारी संघ संस्थाहरुले योजना बनाएर अगाडि बढ्नु पर्ने बताउनुभयो । सहकारी संघ संस्थाहरुको योजनामा सहकारी बैंकले सहयोग गर्ने भन्दै उहाँले सहकार्य गरेर अगाडि बढ्न बैंक सदैव तत्पर रहेको बताउनुभयो ।

अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालकहरु भीम तुलाचन, टिका बुढाथोकी र लक्ष्मी प्रसाद शर्मा, नेफस्कुनका वरिष्ठ उपाध्यक्ष चन्द्र ढकाल, सञ्चालकहरु माधव जोशी र सन्दिप सापकोटा, ५ नं. प्रदेश सहकारी संघका अध्यक्ष प्रेम सुवेदी, रुपन्देही वचत तथा ऋण सहकारी संघका अध्यक्ष प्रकाश भट्टराई, रुपन्देहीका महेश्वर श्रेष्ठ, दाङका भूपेन्द्र थापा, बाँकेको भूपेन्द्र थापा, कैलालीका डा.गोविन्दराज जोशी, बाँकेका होमप्रसाद सुवेदी लगायतले .सुझाव तथा जिज्ञासा राख्नु भएको थियो ।

५ नं प्रदेश, कर्णाली प्रदेश र सदुरपश्चिम प्रदेशबाट सहकारी बैंकमा प्रतिनिधित्व गर्ने सञ्चालकहरु हरिहरनाथ योगी, विजया धिताल र शिवा थापाले बैंकका शाखाहरु मार्फत भएका काम र आगामी योजना तथा कार्यक्रमहरुका बारेमा जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा बैकको वर्तमान अवस्था, आगामी योजना लगायत वित्तीय व्यवस्थापनमा बैंकले गर्ने कार्यहरुका बारेमा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गरागाईले जानकारी गराउनु भएको थियो । कार्यक्रमको सञ्चालन बैंकका व्यवसाय प्रवर्द्धन विभाग प्रमुख मधु रायमाझीले गर्नु भएको थियो ।

# राष्ट्रिय सहकारी बैंकको २ नं. प्रदेश स्तरीय अन्तरक्रिया

बागलुङ, १५ असोज
राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा बैंकको प्रगति समिक्षा एवम् भावी कार्यदिशा : सभावना र चुनौती विषयक एक दिने प्रदेश नं. २ स्तरीय अन्तरक्रिया कार्यक्रम असोज १५ गते सम्पन्न भएको छ ।

कोरोना संक्रमणका कारण सहकारी सञ्चालनमा देखिएका समस्याहरुको पहिचान र समाधानका लागि सहकार्य गर्ने उद्देश्यका साथ देशव्यापी रुपमा अन्तरक्रिया शुरु गरिएको बैंकले जनाएको छ । बैंकले बुधवार प्रदेश नं. १ बाट प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम शुरु गरेको हो । प्रदेश नं. २ मा रहेका जिल्ला स्तरीय सहकारी संघका अध्यक्षहरु, विषयगत सहकारी संघका अध्यक्षहरु, बैंकका शाखा समन्वय उपसमितिका संयोजक तथा सदस्यहरु, २ नं. प्रदेशबाट राष्ट्रिय सहकारी महासंघ, केन्द्रीय विषयगत सहकारी संघहरुमा प्रतिनिधित्व गर्ने सहकारी अगुवाहरुको कार्यक्रममा सहभागिता रहेको थियो । कोरोना संक्रमणका कारण उत्पादन असहज परिस्थितिमा बैंकले कस्तो योजना बनाएर अगाडि बढ्दा समग्र सहकारी क्षेत्रको विकासमा सहयोग पुग्न सक्छ ?, सरोकारवाला निकायहरुसंग कसरी समन्वय गरेर अगाडि बढ्न सकिन्छ भन्ने विषयमा कार्यक्रममा छलफल भएको थियो ।
कार्यक्रमका सहभागीहरुले सहकारी बैंकले सहकारीहरुको वित्तीय तथा संस्थागत विकासमा प्रभावकारी काम गर्दै आएको बताएका थिए । कोरोना संक्रमणको संकटपूर्ण समयमा बैकले सदस्य संस्थाहरुलाई ऋणको ब्याजमा छुट, ऋणको ब्याजदर घटाउने तथा मनोपरामर्श लगायतका कार्यक्रम गरेर सदस्य सहकारीहरुलाई सहजता प्रदान गरेको सहभागीहरुको भनाइ थियो । आगामी दिनमा बैंकको क्षमता थप अभिवृद्धि गर्दै मुलुकभरका सहकारीहरुलाई सक्षम बनाउने योजनाका साथ अगाडि बढ्न सहभागीहरुले सुझाव दिएका थिए ।

सहकारी क्षेत्रमा देखिएका समस्याको समाधानका लागि सिंगो सहकारी अभियान एकजुट भएर अगाडि बढ्नु पर्नेमा जोड दिदै सहभागीहरुले सहकारी बैंकको विकल्पमा अर्को बैंकका चर्चा चलाएर अभियानलाई कमजोर बनाउन नहनेमा जोड दिएका थिए । सहकारी बैंक सक्षम हुदै गएकाले यसलाई थप व्यवस्थित र प्रभावकारी बनाउनका लागि प्रविधिको अधिकतम उपयोग, राज्यले सहकारी क्षेत्रमा परिचालन गर्ने रकम सहकारी बैंकमार्फत लगानी गर्ने वातावरण सिर्जना गर्नु पर्ने बताएका थिए ।
कार्यक्रममा सहभागीहरुले उठाएका सवाल तथा जिज्ञासाहरुकालाई सम्बोधन गर्दै बैंकका अध्यक्ष के.बीं उप्रेतीले सदस्य माग, चाहना र आवश्यकतालाई ध्यान दिएर बैंकले आगामी योजनाहरु निर्माण गर्ने बताउनुभयो । उहाँले सहकारी बैंकको लक्ष्य नै दीगो सहकारी अर्थात सहकारीहरुको दीगोपना भएकाले सोही अनुसार अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । बैंकका सञ्चालकहरु विश्वनाथ मण्डल र ध्रुवनारायण यादवले २ नं. प्रदेशका सहकारीहरुको विकासका लागि बैंक सदैव सहयोगीका रुपमा रहेको बताउनुभयो ।
कार्यक्रममा प्रदेश नं. २ का सांसद शिवचन्द्र चौधरी, जिल्ला समन्वय समिति रौतहटका संयोजक राम यकपाल यादव, राष्ट्रिय सहकारी महासंघका सञ्चालक रामबाबु यादव, उखु केन्द्रीय सहकारी संघका अध्यक्ष रामचन्द्र सिंह कुशवाह, जिल्ला सहकारी संघ पर्साका सञ्चालक अशोककुमार गुप्ता, जिल्ला वचत

तथा ऋण सहकारी संघ सर्लाहीका अध्यक्ष बाबुराम घिमिरे, जिल्ला वचत तथा ऋण सहकारी संघ बाराका अध्यक्ष सत्यन्द्र ठाकुर, जिल्ला वचत तथा ऋण सहकारी संघ पर्साका अध्यक्ष राजेश पण्डित, सहकारी बैंक समन्वय समितिका संयोजक तथा सदस्यहरु गणेश आस, सुरेश प्रसाद यादव लगायतले सुझाव तथा जिज्ञासा राख्नु भएको थियो ।
कार्यक्रममा बैंकको वर्तमान अवस्था, आगामी योजना लगायत वित्तीय व्यवस्थापनमा बैंकले गर्ने कार्यहरुका बारेमा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गरागाईले जानकारी गराउनु भएको थियो । कार्यक्रमको सञ्चालन बैंकका तालिम विभागका अधिकृत मिना शर्माले गर्नु भएको थियो ।

# सहकारी बैंकको बागमती प्रदेश स्तरीय समिक्षा गोष्ठी

ललितपुर, आसोज १६
राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा बागमती प्रदेश स्तरीय बैंकका प्रगति समिक्षा एवम् भावि कार्यदिशा संभावना र चुनौती” विषयक भर्चुअल कार्यक्रम असोज १६ गते सम्पन्न भएको छ ।
कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेल, विभिन्न विषयगत केन्द्रीय तथा जिल्ला सहकारी संघहरुको प्रतिनिधीहरु, बैंकको बाग्मती प्रदेशको शाखा समन्वय उपसमितिका प्रतिनिधिहरु, बैंकको बाग्मती प्रदेश अन्तर्गतका शाखा कार्यालयका शाखा प्रमुखहरु तथा सहकारी अभियन्ताहरुको सहभागिता रहेको थियो । कार्यक्रममा बैंकका अध्यक्ष के.वी. उप्रेती, बैंकको बाग्मती प्रदेश संयोजक सरिता भट्टराईले बैंकको बारेमा आफ्नो भनाई राख्नु भएको थियो ।

कार्यक्रममा बैंकका सञ्चालक र लेखा समितिका पदाधिकारी तथा सदस्यहरु एवम् उच्च व्यवस्थापनका कर्मचारीहरु साथै कार्यक्रममा बैकको वर्तमान अवस्था, आगामी योजना लगायत वित्तीय व्यवस्थापनमा बैंकले गर्ने कार्यहरुका बारेमा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले जानकारी गराउनु भएको थियो । कार्यक्रमको सञ्चालन बैंकका व्यवसाय प्रवर्धन विभाग प्रमुख मधु रायमाझीले गर्नु भएको थियो । कार्यक्रममा तालिम विभागका बरिष्ठ अधिकृत मीना कुमारी शर्माले प्राबिधिक सहयोग गर्नुभएको थियो ।






## गण्डकी प्रदेश

# राष्ट्रिय सहकारी बैंकले गण्डकी प्रदेशमा नमुना परियोजना सञ्चालन गर्ने

ललितपुर, १८ असोज
राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा बैंकको प्रगति समिक्षा एवम् भावी कार्यदिशा : सभावना र चुनौती विषयक एक दिने गण्डकी प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम असोज १८ गते सम्पन्न भएको छ । सहकारी बैंकले सदस्य संस्थाहरुका लागि सञ्चालन गरेका कार्यक्रम तथा योजनाहरुको जानकारी तथा समिक्षा गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बैंकले जनाएको छ । कार्यक्रममा जिल्ला स्तरीय सहकारी संघका अध्यक्षहरु, विषयगत सहकारी संघका अध्यक्षहरु, बैंकका शाखा समन्वय उपसमितिका संयोजक तथा सदस्यहरु, गण्डकी प्रदेशबाट राष्ट्रिय सहकारी महासंघ, केन्द्रीय विषयगत सहकारी संघहरुमा प्रतिनिधित्व गर्ने सहकारी अगुवाहरुको कार्यक्रममा सहभागिता रहेको थियो । कार्यक्रमका सहभागीहरुले सहकारी क्षेत्रमा देखिएका अन्यौलताहरुलाई सहजीकरण गरेर सहज रुपमा अगाडि बढ्ने वातावरण सिर्जना गर्नका लागि सरकार र अभियानको नेतृत्वदायी भूमिका आवश्यक रहेको बताएका थिए । सहकारी ऐनको कार्यान्वयनका सन्दर्भमा मुख्य कारोबार, दोहोरो सदस्यता, साधारणसभा, ब्याजदर लगायतका विषयमा सहकारीकर्मीहरुमा अन्यौलता देखिएको र त्यसको व्यवस्थापनमा सहकारी अभियान र विभागले समन्वय गर्नु पर्नमा सहभागीहरुको जोड थियो । सहकारी क्षेत्रलाई कमजोर बनाउन विभिन्न तरिकाले सहकारी अभियानबीच फाटो ल्याउने, अनावश्यक प्रतिस्पर्धा गर्ने जस्ता क्रियाकलापले सहकारी क्षेत्रले राम्रो प्रतिफल दिन नसक्ने भएकाले एकीकृत भावना र योजनाका साथ अगाडि बढ्नु पर्ने सहकारीहरुको भनाइ थियो । कार्यक्रममा सहभागीहरुले उठाएका सवाल तथा जिज्ञासाहरुकालाई सम्बोधन गर्दै बैंकका अध्यक्ष के.बीं उप्रेतीले सहकारी बैंकमार्फत सहकारी क्षेत्रको समग्र विकास र प्रवर्धन के गर्न सकिन्छ ? समन्वय र सहकार्यमा बैंक तत्पर रहेको बताउनुभयो । सहकारी बैंक अहिले जुन अवस्थामा आएको छ, देशभरका सहकारीहरुको योगदान र सहकार्यबाट नै आएको हो, अध्यक्ष उप्रेतीले भन्नुभयो आगामी दिनमा थप व्यवस्थित र प्रभावकारी बनाउन सुझाव र समन्वय आवश्यक छ । सहकारी बैंकले एउटा प्रदेशमा नमुना परियोजना सञ्चालन गर्ने योजना अन्तर्गत पहिलो पटक गण्डकी प्रदेश सरकारसंगको सहकार्यमा प्रदेश स्तरीय नमुना परियोजना अगाडि बढाउन लागेको जानकारी गराउदै सहकारी अभियानका तर्फबाट के गर्न सकिन्छ ? सुझाव र समन्वय गर्न आव्हान गर्नु भयो । उत्पादन, प्रशोधन र बजारीकरणका क्षेत्रमा काम गर्ने गरी सञ्चालन गर्न लागिएको परियोजना सहकारी संघ संस्थाहरु मार्फत नै गरिने भएकाले योजना बनाउन आग्रह गर्नु भयो । त्यस्तै प्रत्येक प्रदेशमा एउटा पालिकामा गरिवी निवारणका नमुना परियोजना सञ्चालन गर्न लागिएको उहाँको भनाइ थियो । गरिव घर पहिचान गरी सबै भन्दा बढी गरिव घर परिवार भएको एउटा प्रदेशको एउटा पालिकामा कार्यक्रम अगाडि बढाउने बैंकले तयारी गरेको छ । देशभरका सहकारी संघहरु मध्ये पहिचो चरणमा १० वटा संघहरुको संस्थागत विकासमा बैंकले सहयोग गर्ने कार्यक्रम अगाडि बढाएको अध्यक्ष उप्रेतीले जानकारी दिनुभयो । अन्तरक्रिया कार्यक्रममा नेपाल सूचना तथा सञ्चार केन्द्रीय सहकारी संघका उपाध्यक्ष तथा संघीय सांसद मन कुमारी केसी जिसी, राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जि.सी. (अञ्जु), नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन) का सञ्चालक कमलादेवी गिरी, नेफ्स्कुनका निवर्तमान

सञ्चालक भीम गुरुङ, जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष रविरमण तिवारी, गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय पोखराका अधिकृत सागर खनाल, जिल्ला वचत तथा ऋण सहकारी संघ कास्कीका अध्यक्ष भेषराज बराल, सहकारीकर्मीहरु केदार न्यौपाने, होमनाथ जैसी, अशोकगोविन्द राजभण्डारी, ताराप्रसाद भुषाल लगायतले सुझाव तथा जिज्ञासा राख्नु भएको थियो । बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले गण्डकी प्रदेशमा बैंकका शाखाहरु मार्फत भएका काम र आगामी योजना तथा कार्यक्रमहरुका बारेमा जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा बैकको वर्तमान अवस्था, आगामी योजना लगायत वित्तीय व्यवस्थापनमा बैंकले गर्ने कार्यहरुका बारेमा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गरागाईले जानकारी गराउनु भएको थियो । कार्यक्रमको सञ्चालन बैंकका व्यवसाय प्रवर्धन विभाग प्रमुख मधु रायमाझीले गर्नु भएको थियो ।

# वातावरण संरक्षणका लागि सहकारी मार्फत युवा र महिलाको भूमिका प्रभावकारी बनाऔं : पूर्व मन्त्री बडाल

ललितपुर, २७ कार्तिक
राष्ट्रिय सहकारी बैंक लिमिटेडका सल्लाहकार तथा पूर्वमन्त्री केशव प्रसाद बडालले विश्वमा प्रतिकुल बन्दै गैरहेको वातावरण क्षेत्रलाई अनुकुल बनाउनका लागि युवा र महिलाको भूमिका बढाउनु पर्नेमा जोड दिनुभएको छ ।

नेडाक र राष्ट्रिय सहकारी बैंकद्वारा कात्तिक २७ गते आयोजित जलवायु परिवर्तन तथा सहकारीमा महिला र युवा विषयक राष्ट्रिय गोष्ठीमा बोल्दै राष्ट्रिय सहकारी महासंघका निवर्तमान अध्यक्ष समेत रहनु भएका बडालले यस्तो बताउनु भएको हो ।

विग्रदै गएको वातावरणलाई प्रतिकूल बनाउनका लागि सहकारी क्षेत्रले युवा र महिलालाई शसक्त रुपमा अगाडि बढाउनु पर्नेमा जोड दिदै उहाँले सहकारीमार्फत जलवायु परिवर्तनका कारण हुन सक्ने जोखिमका बारेमा सचेतना फैलाउनु पर्ने बताउनुभयो । संभावना भएका क्षेत्रमा बहुउपयोगी जडिबुटी र फलफूल खेती विस्तार गरी वातावरण संरक्षण र आयआर्जनमा समेत योगदान गर्न सहकारी क्षेत्रलाई उहाँले सुझाव दिनुभयो ।

सहकारीमार्फत रोजगारी सिर्जना गरी कच्चा श्रम निर्यात गर्ने अवस्थाको अन्त्य गरी वस्तु निर्यात गर्ने गरी काम गर्न सहकारी र राज्यबीच सहकार्यका लागि उहाँले जोड दिनुभयो ।

कार्यक्रममा नेडाकका अध्यक्ष सिन्दप नायकले जलवायु परिवर्तनमा सहकारीको पहल विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममाथि राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेलले टिप्पणी गर्नु भएको थियो ।

यस्तै सहकारी विभागका रजिष्ट्रार डा.टोकराज पाण्डेले सहकारीमा महिला सहभागिता : विद्यमान अवस्था र सुधारका उपायहरु विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमाथि राष्ट्रिय सहकारी महासंघका

वरिष्ठ उपाध्यक्ष तथा अन्तराष्ट्रिय सहकारी महासंघका ग्लोवल बोर्ड सदस्य ओमदेवी मल्लले टिप्पणी गर्नु भएको थियो ।

कार्यक्रम बैंकका अध्यक्ष के.बी. उप्रेतीको अध्यक्षता, सञ्चालक तथा लैगिक समानता उपसमिति संयोजक पार्वती थापा मगरको स्वागत र प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गरागाईको सञ्चालनमा सम्पन्न भएको थियो ।

गोष्ठीमा सहकारी अभियान, संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका विभिन्न जिम्मेवारीमा रहेका सहकारीसंग सम्बन्धित व्यक्तिहरुको सहभागिता रहेको थियो । गोष्ठीका सहभागीहरुले ९ बुँदे प्रतिवद्धता व्यक्त गरेका छन् ।

**जलवायु परिवर्तन तथा सहकारीमा महिला र युवा विषयक राष्ट्रिय गोष्ठीका प्रतिवद्धताहरु :**

१. सम्पूर्ण सहकारी संघ, संस्था तथा बैंकले महिला र युवालाई वित्तीय साक्षरता एवं विद्युतीय साक्षरता (Financial Literacy and Digital Literacy) लगायतका विषयमा थप तालिम शिक्षा कार्यक्रम सञ्चालन गर्ने,

२. आर्थिक रुपमा महिलालाई आत्मनिर्भर बनाउने गरी कृषि उत्पादन र बजारीकरणमा महिला तथा युवाका लागि आतिरिक्त बस्तु सेवा निर्माण गर्ने,

३. राष्ट्रिय सहकारी बैंकको समन्वयमा महिला तथा युवा सहभागिता सम्बन्धी समसामयिक विषयमा राष्ट्रिय स्तरको कार्यक्रम नियमित रुपमा सञ्चालनलाई निरन्तरता दिने,

४. युवा तथा महिलामुखी बस्तु सेवा तथा नीति कार्यक्रम निर्माणका लागि हरेक सहकारीमा युवा तथा महिलालाई नेतृत्वमा स्थान सुनिश्चित गर्न सहकारी अभियानले पहल गर्ने र सरकार समक्ष कानुनी व्यवस्थाको लागि अनुरोध गर्ने,

५. जलवायु परिवर्तन तथा ओजन तहको क्षय न्यूनिकरणको लागि सबै संघ, संस्था तथा बैंकले निशुल्क वा सहुलियत दरमा कम्तिमा एक एक वटा बस्तु तथा सेवा उपलब्ध गराउने

६. सबै सहकारी संघ संस्थाले सहकारी शिक्षाका साथमा दीगो विकास लक्ष्यहरु मध्येका लैङ्गिङ्गक समानता एवं जलवायु परिवर्तन तथा यसका असर लगायतका विषयहरु समावेश गरी सदस्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने,

७. मिथेन, नाइट्रस अक्साइड, कार्बन डाइअक्साइ जस्ता हरित गृह ग्यास र ओजन तह विनास गर्ने क्लोरेफोलोरो कार्बन जस्ता अन्य विषाक्त ग्यासको उत्सर्जन रोक्न साथै परावर्तित विकिरणहरु वायुमण्डलमै रोकिने क्रमलाई भङ्ग गराउनका लागि वन जङ्गल विस्तार, कोइला तथा खनिजजन्य इन्धनको प्रयोगमा कमी गर्ने जस्ता कार्यमा सबै सहकारी संघ संस्था तथा बैंक जागरुक हुने,

८. युवा तथा महिलामा प्रविधि सञ्चालन सीपको विकास गर्ने र प्रविधि मैत्री व्यवहारमा बानी बसाल्ने कार्यका लागि सहकारी संघ, संस्था तथा बैंकले आ-आफ्ना नीति तथा कार्यक्रम तयार गर्ने

९. जलवायु परिवर्तनमा सहकारीको भूमिका र सहकारीमा युवा तथा महिलाको अर्थपूर्ण सहभागिता सम्बन्धमा स्पष्ट नीति तथा कार्यक्रम तय गर्न अभियानको तर्फबाट सरकारलाई अनुरोध गर्ने साथै आवश्यक कार्यका लागि सहकारी महासंघ र सहकारी बैंक तथा सम्पूर्ण संघ र तीनै तहका सरकारबीच समन्वय र सहकार्य गर्ने ।

# लुम्बिनी प्रदेशमा राष्ट्रिय सहकारी बैंकका दुई वटा नयाँ शाखा सञ्चालन

ललितपुर, २५ कार्त्तिक
राष्ट्रिय सहकारी बैंक लिमिटेडले लुम्बिनी प्रदेशमा २ वटा थप शाखा सञ्चालनमा ल्याएको छ । बर्दियाको भुरीगाउँ र बाँकेको नेपालगञ्जमा कात्तिक २५ शाखा उद्घाटन गरिएको हो । बैंकका अध्यक्ष के.बी.उप्रेतीले छुट्टा छुट्टै समयमा २ वटा शाखाको उद्घाटन गर्नु भएको हो ।





सहकारीमार्फत आम समुदायको आर्थिक विकास र सामाजिक रुपान्तरणका लागि सहकारी बैंक निरन्तर लागेको र यसका लागि सबै सहकारीहरुलाई सहकारी बैंकमार्फत नै कारोबार गर्न अध्यक्ष उप्रेतीले आव्हान गर्नु भयो । सहकारी बैंकले आफ्ना सदस्यहरुलाई सहज र प्रविधियुक्त सेवाका लागि सहयोग गर्दै आएको छ, अध्यक्ष उप्रेतीले भन्नुभयो, वित्तीय सेवासंगै सहकारीहरुको संस्थागत विकासका लागि बैंक सदैव सहयोगीका रुपमा रहेको छ । भुरीगाउँमा आयोजित उद्घाटन कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक लक्ष्मीप्रसाद शर्मा, बैंकका सञ्चालक माधवलाल देवकोटा, लुम्बिनी प्रदेश सहकारी संघका अध्यक्ष प्रेम सुवेदी, जिल्ला सहकारी संघ बर्दियाका अध्यक्ष गोपाल पौडेल, जिल्ला वचत तथा ऋण सहकारी संघका अध्यक्ष नवराज न्यौपाने, कृषि सहकारी संघका अध्यक्ष हरि अधिकारी लगायतले सबै सहकारीहरुले सहकारी बैंकसंग कारोबार गर्न आव्हान गर्नु भएको थियो । यस्तै नेपालगञ्ज शाखाको उद्घाटनका क्रममा खजुरा गाउँपालिकाका उपाध्यक्ष तथा राष्ट्रिय सहकारी विकास बोर्डका संचालक सदस्य एकमाया विक, नेपाल कृषि केन्द्रीय सहकारी संघका सञ्चालक देवबहादुर केसी, बहुउद्देश्यीय केन्द्रीय सहकारी संघका केन्द्रीय सदस्य भुपेन्द्रप्रसाद अधिकारी, लुम्बिनी प्रदेश सहकारी संघका अध्यक्ष प्रेम सुवेदी, वचत तथा ऋण सहकारी संघ बाँकेका अध्यक्ष प्रकाश ज्ञवाली, कृषि सहकारी संघका अध्यक्ष एकता शाह, बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष बल बहादुर खड्का लगायतको शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रम बैंकका सञ्चालक विजया धितालको अध्यक्षता, सञ्चालक माधवलाल देवकोटाको स्वागत र बैंकका तालिम विभागका अधिकृत नारायण बेल्वासेको सञ्चालनमा सम्पन्न भएको थियो ।नेपालगञ्ज शाखा उद्घाटनकै दिन १० करोड भन्दा बढी निक्षेप संकलन भएको शाखा प्रमुख सागरनाथ योगीले जानकारी दिनुभयो । ४४ वटा शाखामार्फत सदस्यहरु सहकारी संस्थाहरुलाई सेवा प्रवाह गर्दै आएको सहकारी बैंकले मंगलवारदेखि ५० वटा शाखा मार्फत सेवा दिन थालेको छ ।

नेपाल राष्ट्र बैंकले गत असारमा २४ वटा शाखा सञ्चालनका लागि अनुमति दिएको थियो । आगामी पुस मसान्त भित्र सबै शाखा सञ्चालनमा आउने र ६८ वटा शाखामार्फत सेवा सञ्चालन गरिने बैंकले जनाएको छ ।

# राष्ट्रिय सहकारी बैंकको नयाँ ४ वटा शाखा एकै दिन सञ्चालनमा

कुपन्डोल, २३ कार्तिक

राष्ट्रिय सहकारी बैंक लिमिटेडले काठमाडौ र भक्तपुरका विभिन्न स्थानमा एकै दिन थप ४ वटा शाखा सञ्चालनमा ल्याएको छ । भक्तपुरको कमलविनायक तथा काठमाडौंको किर्तिपुर, कालीमाटी र जोरपाटीमा कात्तिक २३ गते एकै दिन शाखा शुभारम्भ गरिएको हो ।









बैंकका अध्यक्ष के.बी.उप्रेतीले छुट्टा छुट्टै समयमा चार वटा शाखाको उद्घघाटन गर्नु भएको हो । नेपाल राष्ट्र बैंकले थप २४ वटा शाखा सञ्चालनको अनुमति दिएपछि बैंकले शाखा सञ्चालनको प्रक्रिया थालनी गरेको थियो । काठमाडौं र भक्तपुरमा चार ठाउँमा एकै दिन चारवटा शाखा सञ्चालनमा ल्याएका छौं, अध्यक्ष उप्रेतीले भन्नुभयो- 'लगत्तै थप २० वटा शाखा पनि सञ्चालनमा आउदैछन् ।' काठमाडौमा नारायणगोपाल चोक, नया बजार, पुतली सडक, बलम्बु र कोटेश्वर, भुक्तपुरको सूर्यविनायक, ललितपुरको इमाडोल र चितवनको टाडीमा पनि शाखा सञ्चालनको तयारी छ । यस्तै प्रदेश नं. १ मा झापाको मेचीनगर, सुनसरीको इनरुवा र मोरङको सुन्दरहरैचा, प्रदेश नं. २ मा बाराको कलैया, गण्डकी प्रदेशमा कास्कीको तालचोक र स्याङ्जाको पुतलीबजार, लुम्बिनी प्रदेशमा रुपन्देहीको भैरहवा र तिलोत्तमा, दाङको तुलसीपुर, बाँकेको नेपालगञ्ज र बर्दियाको भुरीगाउँ तथा सुदुरपश्चिम प्रदेशमा कञ्चनपुरको महेन्द्रनगरमा शाखा सञ्चालनको तयारी भैरहेको गुरागाईले जानकारी दिनुभयो । ४४ वटा शाखामार्फत सदस्यहरु लाई सेवा प्रवाह गर्दै आएको सहकारी बैंकले आगामी पुस मसान्त भित्र ६८ वटै शाखामार्फत सेवा सञ्चालन गर्ने भएको छ । शाखासंगै शाखारहित सेवाको समेत तयारी भैरहेको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले जानकारी दिनुभयो । सहकारी बैंकका सदस्य संस्थाहरु ७७ वटै जिल्लामा छन् । अब बैंकको शाखा र शाखारहित सेवा सबै जिल्ला, महानगरपालिका र उपमहानगरपालिका हुदै नगरपालिका र गाउँपालिकासम्म पुऱ्याउने योजनाका साथ अगाडि बढेको प्रमुख कार्यकारी अधिकृत गुरागाईले जानकारी दिनुभयो ।

बैंकमा हाल १२ हजार २ सय ८३ सहकारी संघ संस्था सदस्य रहेका छन् । नेपाल सरकार सहित देशभरका सहकारी संघ सस्थाहरुको शेयर रहेको बैंकमा हाल २ अर्ब ४८ करोड शेयर रकम, ५१ अर्ब ३६ करोड निक्षेप र २४ अर्ब २८ करोड कर्जा लगानी रहेको छ ।

# रणनीतिक व्यवस्थापन तथा नेतृत्व विकास तालिम

ललितपुर, असोज २५

राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा "रणनीतिक व्यवस्थापन तथा नेतृत्व विकास" विषयक तालिम कार्यक्रम असोज २५ गथे भर्चुअल रूपमा सम्पन्न भएको छ। कार्यक्रमको सुरुवात बैंकका अध्यक्ष के.वी. उप्रेतीले गर्नु भएको थियो। प्रकाश कुमार पोखरेलले प्रशिक्षण गर्नुभएको सो तालिममा सहकारी संघ संस्थाका प्रमुख कार्यकारी अधिकृतहरुलाई संस्था संचालनमा रणनीतिक व्यवस्थापन र उनीहरुको नेतृत्व विकास सम्बन्धी जानकारी गराईएको थियो। बैंकका तालिम अधिकृत सूर्य प्रसाद रिमालले सञ्चालन गर्नु भएको उक्त तालिम कार्यक्रममा बैंकका सदस्य सहकारी संघ संस्थाका प्रमुख कार्यकारी अधिकृतहरुको सहभागिता रहेको थियो। कार्यक्रमको समापन तालिम विभागका प्रमुख रामबाबु आचार्यले गर्नुभएको थियो।

# सहकारी बैंकद्वारा सल्लाहकार चयन

ललितपुर, २९ असोज

राष्ट्रिय सहकारी बैंक लिमिटेडको सञ्चालक समितिले ८ जनालाई सल्लाहकार मनोनयन गरेको छ। सञ्चालक समितिको असोज १९ गते बसेको वैठकले सल्लाहकारहरुमा केशव प्रसाद बडाल, दिपक प्रकाश बास्कोटा, धर्मदत्त देवकोटा, प्रा.डा. विश्वम्भर प्याकुरेल, भागवत श्रेष्ठ, पशुपति चौलागाई, राधा घले र मीनराज कंडेललाई चयन गरेको छ।

बैंकमा विगतमा ९ जनाको सञ्चालक समिति रहदा ७ सदस्यीय सल्लाहकारको व्यवस्था रहेको थियो। १५ औं वार्षिक साधारणसभाबाट १५ सदस्यीय सञ्चालक समितिको व्यवस्था भएपछि बढीमा ९ सदस्यीय सल्लाहकारको व्यवस्था गरिएको बैंकका अध्यक्ष के.बी.उप्रेतीले जानकारी दिनुभयो।

बैंकमा हाल १२ हजार भन्दा बढी शेयर सदस्य, २ अर्ब ३९ करोड शेयर पूँजि, ५१ अर्ब ७४ करोड निक्षेप, र २४ अर्ब ३९ करोड कर्जा लगानी रहेको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले जानकारी दिनुभयो। बैंकले हाल ४४ शाखामार्फत देशभरका सहकारी संघ संस्थाहरुलाई सेवा दिदै आएको छ। हालै राष्ट्रबैंकले थप २४ वटा शाखा सञ्चालनका लागि अनुमति दिएको र नयाँ शाखा सञ्चालनको तयारी अन्तिम चरणमा पुगेको गुरागाईले बताउनुभयो।






# गरिवी निवारणका लागि सहकारीको भूमिका बढाउनुपर्छ : सचिव पाण्डे

ललितपुर, ७ असोज

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव टेक नारायण पाण्डेले नेपालको समृद्धिका लागि सहकारी क्षेत्रको बढाउन सबै क्षेत्रको सक्रियता आवश्यक रहेको बताउनु भएको छ । नेटवर्क फर डेभलपमेण्ट अफ एग्रीकल्चर कोपअरेटिभस इन एशिया (नेडाक) र राष्ट्रिय सहकारी बैंक लिमिटेडले बुधवार संयुक्त रुपमा आयोजना गरेको एप्रेजल अफ प्रोजेक्ट प्रोपजल्स फर फाइनान्सिङ बाई ल्याण्डिङ इन्स्टीच्यूसन सम्बन्धी प्रोजेक्ट एप्रेजल फर फाइनान्सिङ कार्यक्रममा बोल्दै यस्तो बताउनु भएको हो । सचिव पाण्डेले नेपालको आर्थिक विकास र सामाजिक रुपान्तरणमा सहकारीको भूमिकाका बारेमा जानकारी गराउदै सहकारी क्षेत्रको दीगो विकास र गरिवी निवारणका लागि राज्य र सहकारीबीच समन्वयकारी भूमिकामा जोड दिनुभएको थियो ।

कृषि लगायत उत्पादनका क्षेत्रमा सहकारीको योगदान बढाउन तथा वित्तीय अनुशासनको पालना गरी विपन्न वर्गका जनताको जीवनस्तर माथि उठाउने गरी सहकारी क्षेत्रका पुँजि परिचालनका लागि सहकारी क्षेत्रको ध्यान जानुपर्छ सचिव पाण्डेले भन्नुभयो-सहकारीमार्फत गरिवी न्यूनिकरणका लागि सहकारीको सञ्चालन प्रक्रियालाई प्रभावकारी बनाउन आवश्यक छ ।

कारोना महामारीका कारण नेपालका सहकारी संघ संस्थाहरुको कर्जा कारोबारमा देखिएका चुनौतीहरु र समाधानका विषयमा समिक्षा तथा जानकारी गराउर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो । नेडाकका अध्यक्ष सन्दिप नायकले नेडाकको बारेमा जानकारी दिनु भएको थियो । थियो उहाँले राष्ट्रिय सहकारी बैंकसंगको सहकार्यलाई निरन्तरता दिदै सहकारी क्षेत्रमा देखिएका समस्या समाधान र सहकारीको उपलब्धी बढाउन सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष तथा नेडाकका उपाध्यक्ष के.बी. उप्रेतीले कोरोना संकटका बीच पनि सहकारी क्षेत्रले वित्तीय, सेवा तथा उत्पादन क्षेत्रमा गरेको योगदान प्रभावकारी रहेको बताउनुभयो । वित्तीय क्षेत्रमा देखिएको संकटसंगै कर्जा परिचालनमा चुनौती थपिएको भन्दै उप्रेतीले वित्तीय क्षेत्रमा देखिएका समस्याको पहिचान गरी समाधानका लागि सहकारी र राज्यका बीचको समन्वय आवश्यक रहेको बताउनुभयो । उप्रेतीले नेपालमा देखिएको समस्या समाधानका लागि तालिममा सहकार्य गरेको भन्दै नेडाकलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

तालिममा लिनाकका कन्सल्ट्याण्ट आश्विनी कुमारले Project Report Formulation Process, लिनाकका सल्लाहकार एस के टकरले Technical, Commercial & Organizational Appraisal Technique, परशुराम कुँवरल Process Documentation as per law in Nepal, र नेडाकका प्रिति गर्गल, Financial Appraisal Techniques विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले सञ्चालन गरेको कार्यक्रममा राष्ट्रिय सहकारी विकास बोर्डका पदाधिकारीहरु, सहकारी विभागका अधिकृतहरु, बैंकका सञ्चालक तथा लेखा समितिका पदाधिकारी सदस्यहरु, शाखा समन्वय उपसमितिका पदाधिकारीहरु, विभिन्न सहकारी संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरु, बैंकका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# गण्डकी प्रदेशका सहकारीकर्मीलाई एकीकरण र सेवा केन्द्र सम्बन्धी प्रशिक्षण

ललितपुर, १ असोज
राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजना तथा गण्डकी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सहकारी महाशाखा पोखराको प्राविधिक सहयोगमा सञ्चालित सहकारी ऐन, नियमावली, एकीकरण कार्यविधि र सेवा केन्द्र सञ्चालन विषयक एक दिने भर्चुअल तालिम बिहीवार सम्पन्न भएको हो ।गण्डकी प्रदेश अन्तरगतका सहकारी संघ संस्थाका अध्यक्ष, पदाधिकारी तथा प्रवन्धकहरुका लागि सञ्चालित कार्यक्रममा गण्डकी प्रदेश सहकारी ऐन २०७५, नियमावली २०७५ मा भएका मुख्य व्यवस्था, सहकारी एकीकरण तथा सेवा केन्द्र र कोपोमिसका बारेमा जानकारी गराइएको थियो ।

तालिमको शुरुवात गर्दै भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश अन्तर्गत सहकारी महाशाखा पोखराका प्रमुख प्रेम प्रसाद ढकालले सहकारीहरुलाई सहकारी ऐन नियम र निर्देशिकाका आधारमा सञ्चालनका लागि तालिम आयोजना गरिएको बताउनुभयो । उहाले सहकारीमार्फत समाज रुपान्तरणका लागि सहकारी नियम कानुनको पालनामा जोड दिनु भएको थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकको परिचय, बैंक र सदस्य संघ संस्थाबीचको अन्तरसम्बन्ध, बैंक सदस्यहरुलाई दिने सेवा सुविधा, बैंकको पछिल्लो वित्तीय तथा संरचनागत अवस्थाका बारेमा बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीले जानकारी गराउनु भएको थियो ।

तालिममा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सहकारी महाशाखाका शाखा अधिकृत सागर खनालले सहकारी कानुन, नियमन निकाय, विषयगत अभ्यास र समसामयिक विषयमा सहजीकरण गर्नु भएको थियो ।

सहकारीमार्फत समाजमा भएका सरात्मक कामहरु बचत तथा ऋण परिचालन, सहकार्यको भावना, सदस्य सुविधा अन्तर्गत उत्पादन, प्रशोधन र बजारीकरणको प्रवर्द्धन, सहकारी शिक्षामार्फत समुदायको विकास लगायतका विषयलाई थप प्रभावकारी बनाउनु पर्नेमा खनालको जोड थियो ।

उहाले सहकारी क्षेत्रमा देखिएका केही सुधार गर्नु पर्ने पक्षमा पनि सहकारी कर्मीहरुको ध्यान जानु पर्नेमा जोड दिनुभयो । सहकारी सिद्धान्त, विधि र सुशासन मानकको पालना, साझा बन्धन झल्कने गरी सेवा केन्द्र स्थापना, एक व्यक्ति एक सहकारी, मुख्य कारोबार, संरक्षित पूँजि फिर्ता कोषको प्रयोग लगायतका विषयमा थप ध्यान दिनुपर्ने खनालको भनाइ थियो ।

राष्ट्रिय सहकारी बैंक दमौली शाखाका प्रमुख उपेन्द्र दाहालले सञ्चालन गरेको कार्यक्रममा कोपोमिसका बारेमा सहकारी महाशाखा पोखराका दिपक थापाले जानकारी गराउनु भएको थियो ।

# राष्ट्रिय सहकारी बैंकको व्यवसाय निरन्तरता योजना तालिम

ललितपुर, ४ असोज

कोरोना संक्रमणका कारण उत्पन्न असहज परिस्थितिमा सहकारी व्यवसायलाई कसरी थप प्रभावकारी रुपमा निरन्तरता दिन सकिन्छ भन्ने बारेमा जानकारी गराउने उद्देश्यका साथ राष्ट्रिय सहकारी बैंक लिमिटेडको एक दिने व्यवसाय निरन्तरता योजना तालिम असोज ४ गते सम्पन्न भएको छ ।

कोरोनाका कारण सबै क्षेत्रमा समस्या सिर्जना भएको छ, व्यापार व्यवसायमा कमी आएका कारण सहकारी सञ्चालनमा देखिएको समस्यालाई समाधानमा सहयोग पुऱ्याउनका लागि सहयोग पुऱ्याउन कालागि तालिम आयोजना गरिएको बैंकले जनाएको छ ।

कोरोनाका कारण सहकारी क्षेत्रमा पनि थुप्रै समस्या सिर्जना भएका छन्, कतै तरलता बढी भएर समस्या छ भने कतै तरलता अभावका कारण समस्या छ, वचत तथा ऋणमा मात्रै होइन, सहकारीमार्फत सञ्चालन गरिएका उत्पादन र सेवा क्षेत्रका व्यवसायमा समेत समस्या देखिएको छ, सदस्यहरुलाई आर्थिकसंगै स्वास्थ्य र सामाजिक अवस्थामा समेत समस्या देखिएको समयमा सहकारीलाई सदस्यहरुको उन्नती प्रगतिमा कसरी लगाउन सकिन्छ ? भन्ने विषयमा तालिममा सहजीकरण गएिको बैंकका तालिम विभाग प्रमुख रामबाबु आचार्यले जानकारी दिनुभयो ।

तालिम समापनका क्रममा बोल्दै बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीलाई सदस्य केन्द्रीत व्यवसायका रुपमा रहेको सहकारी क्षेत्रलाई सदस्यहरुको आर्थिक अवस्थामा सुधार ल्याउन र सामाजिक अवस्थामा परिवर्तन ल्याउनका लागि विगतमा भन्दा नया योजना र कार्यक्रम आवश्यक हुने र त्यसका लागि तालिम सहयोगी भएको बताउनुभयो । विगतमा सहज रुपमा सञ्चालन हुने आएको सहकारी व्यवसाय कोरोनाका कारण अलमलमा छ, सञ्चालक जिसीले भन्नुभयो-अन्यौलतालाई चिरेर सहज वातावरणमा व्यवसाय सञ्चालन गर्ने योजना निर्माणका लागि तालिममा सहजीकरण गरिएको छ । बैंकका प्रशिक्षकहरु नवकुमार अधिकारी र नारायण बेलवासेले संकटको समयमा सहकारीको सेवालाई थप प्रभावकारी कसरी बनाउन सकिन्छ ? सदस्यहरुको स्वास्थ्य र आर्थिक समस्यालाई समाधानका लागि कसरी काम गर्ने लगायतका विषयमा सहजीकरण गर्नु भएको थियो ।

संकटको समयमा सेवा निरन्तरताका विकल्पको खोजी कसरी गर्ने र कस्तो योजना बनाउदा थप प्रभावकारी रुपमा व्यवसायलाई अगाडि बढाउन सकिन्छ भन्ने विषयमा जानकारी गराइएको बैंकले जनाएको छ ।

सहकारी बैंकले कोरोना संक्रमणका कारण सरकारले लकडाउन शुरु गरेदेखि नै जुम मार्फत विभिन्न किसिमका तालिम तथा गोष्ठीहरु सञ्चालन गर्दै आइरहेको छ ।

संक्रमणको समयमा कसरी सुरक्षित भएर सदस्यहरुलाई सेवा दिने लगायत व्यवसायिक योजना निर्माण र कार्यान्वयनका लागि बैंकले १ लाख ५० हजार जनालाई भर्चुअल तालिममा सहभागी गराइसकिएको तालिम विभागका वरिष्ठ अधिकृत मिना शर्माले जानकारी दिनुभयो । कार्यक्रमको सञ्चालन बैंकका प्रशिक्षक सूर्य रिमालले गर्नु भएको थियो ।

# हिमाल साकोस : सदस्यको पहिलो रोजाई

**संस्थाको पृष्ठभूमि :**

अतिथि देवो भव:को मुल मन्त्रलाई पूर्वीय सनातन धर्मको अंश मान्ने इलामेली समाजमा संस्कार कै रुपमा विकास भएको सहकारीताको अभ्यासलाई संस्थागत गर्दै इलामको पहिचान ८ 'अ' (अलैंची, अदुवा, अर्थोडक्स चिया, अकबरे खुर्सानी, ओलन (दूध), अम्लिसो, आलु र अतिथि सत्कार) लाई आत्मसात गर्दै सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक विकासका लागि युवाहरुद्धारा इलाम जिल्लाको उत्तरी ग्रामिण पर्यटकीय क्षेत्रको तत्कालिन पुवामझुवा गा.वि.स. हाल इलाम नगरपालिका वडा नं. ३ मा २०५१ साल असार ८ गते भूमिराजका दिन स्थापित जुनतारा युवा क्लबका सदस्यहरुको पहलमा जुनतारा सामाजिक विकास केन्द्र इलामले सञ्चालन गरेको कृषि तथा सहकारी कार्यक्रम अर्न्तगत २६ जना सदस्यको पहलमा २०६६ साल जेष्ठ ४ गते डिभिजन सहकारी कार्यालय इलाममा दर्ता नं. ४१६ कायम भएको हाम्रो जुनतारा बचत तथा ऋण सहकारी संस्था लि. र कृषिबाट जिल्लाको सहकारी अभियानलाई संस्थागत गर्दै कृषि तथा पर्यावरणीय विकास समेतलाई सँग सँगै लान सकिन्छ भन्ने सोचका साथ सोहि समूहद्धारा २०६९ भाद्र १७मा स्थापित प्रकृति कृषि सहकारी संस्था लि. को स्थापना भएकोमा साझा कार्यक्षेत्र र साझा सदस्य एवं समान ध्येयको परिणाम स्वरुप २०७६ साल भाद्र ८ गते दुवै संस्था बीच एकीकरण भई इलाम जिल्लाभर कार्यक्षेत्र रहने गरी हिमाल बचत तथा ऋण सहकारी संस्था लि.को स्थापना भएको थियो ।

**वर्तमान अवस्था (गत आ.व.को अन्त्य सम्ममा) :**




**तालिम :**

घर दलैमा सहकारी अभिमुखिकरण ।

**जुनतारा सामाजिक विकास केन्द्रको समन्वयमा सञ्चालित तालिमहरु (गत आ.व.को अन्त्य सम्ममा)**

- सहकारी शिक्षा तालिम २६६ जना,
- बाखापालन तालिम ३५ जना,



**कार्यक्रम :**

बचत तथा ऋण, सदस्य परियोजना परामर्श सेवा स्वरोजगार कोष कर्जा, लघुवित्त कार्यक्रम, बाखापालन कार्यक्रम, घरदैलौ समूहगत सदस्य भेटघाट तथा अर्न्तक्रिया (विस्तारित मञ्च), सदस्य सिकाई अनुभव साटासाट कार्यक्रम, बाह्य जिल्लाबाट अन्य सहकारीहरुको संस्थामा भ्रमण, अनुभव आदानप्रदान तथा अर्न्तक्रिया १६ वटा ।

**सहभागीता :**

इलाम जिल्ला बचत तथा ऋण सहकारी संघको सहयोगमा ऋण जोखिम तालिम ।

इलाम जिल्लाका विषयगत सहकारी सभा, सम्मेलन र गोष्ठीहरु ।

प्रादेशिक तथा राष्ट्रिय गोष्ठीहरु, राष्ट्रिय सहकारी बैंक, राष्ट्रिय सहकारी महासंघ तथा नेफ्स्कूनद्धारा आयोजित विभिन्न तालिम, सभा, सम्मेलन, अर्न्तक्रिया र गोष्ठीहरु ।

## संस्थाद्धारा सञ्चालित सहकारी सुपथ मूल्य पसल :




जिल्ला कृषि सहकारी संघ लि.को समन्वयमा तत्कालिन प्रकृति कृषि सहकारी संस्था लि.ले सुरुवात गरेको कृषि सहकारी पसलमा सुपथ मूल्यमा मल, बीउ लगायत अन्य कृषि सामग्रीहरु समेत बिक्रि वितरण गरीरहेकोमा सोको विस्तार गरी हाल हिमाल बचत तथा ऋण सहकारी संस्थाले मल, बीउ लगायत सम्पूर्ण पूर्ववतः कृषि सामग्रीहरुका साथमा सदस्यहरुलाई दैनिक रुपमा आवश्यक पर्ने अन्य उपभोग्य सामानहरु समेत बजारकै न्यूनतम मूल्यमा उपलब्ध गराउँदै आएको छ । इलामबजारमा **सहकारी पसलको पर्याय बन्न सफल भएको छ हिमाल सहकारी सुपथ मूल्य पसल** ।

## हिमाल साकोस : सदस्यको पहिलो रोजाईः

सदस्यहरुले आफ्नो बचतको आकर्षक ब्याजप्राप्त गर्नुका साथै आवश्यक पर्दा सरल र सहज रुपमा बिना धितो सदस्य जमानीमा सहुलियत ब्याजमा ऋण सुविधा प्राप्त गरीरहेका छन् भने ठुलै व्यवसाय गर्नुपर्दा अचल सम्पत्ति धितो राखी न्यून ब्याजमा सरल र सहज ऋण सुविधा समेत प्राप्त गरीरहेका छन् । संस्थाले सदस्यमा ऋण लगानी गर्नुपूर्व ऋण आवश्यकताको पहिचान गरी व्यवसायिक परियोजना अभिमुखिकरण सहजीकरण समेत गर्ने गरेको छ । यसका अलावा नियमित रुपमा ऋणी सदस्यको व्यवसायिक परियोजनाको स्थलगत अध्ययन अवलोकन गरी आवश्यक सल्लाह, सुझाव र परामर्श सेवा समेत सञ्चालन गरीरहेको छ । सदस्यलाई व्यवसायिक बनाउनुको विकल्प नरहेको र त्यसका लागि पूँजी, प्रविधि र परामर्श सेवालाई साथ साथै लैजानुपर्नेमा संस्थाको जोड रहेको छ । **सहकारीको ऋणले सदस्यलाई मालिक बनाउनुपर्ने** धारणा संस्थाका व्यवस्थापक लिलाप्रसाद थापाको भनाई रहेको छ । संस्थाको विकासमा योगदानदिने अग्रजहरुको सम्मानमा समेत संस्था पछि परेको छैन । संस्थाको लगानीका कारण कैयौ महिला, जनजाति तथा सीमान्तकृत समुदायका सदस्य समेतको जीवनस्तरमा परिवर्तन आएको छ । बचत तथा ऋण सहकारीलाई उत्पादनमा जोड्दा मात्र वास्तविक रुपमा सहकारीले सदस्यको हित प्रबर्द्धन गर्न सक्नेमा संस्थाको विश्वास रहेको छ । जसको एउटा उदाहरणको रुपमा रहेका छन् निर्मला आलेमगर । उनले संस्थाबाट लिएको ऋणको सदुपयोग गरी सञ्चालन गरेको बाखापालन व्यवसायबाट आफ्नो जीवनस्तर सहज त बनाउनुका साथै सामाजिक रुपमा समेत परिचय बनाउन सफल भएका छन् । थोरै रकमका लागि समेत छिमेकीको सहयोग लिनुपर्ने हिजोको विगत सम्झँदा हिमाल सहकारी प्रति कृतज्ञ छन् उनी ।

यस्तै अर्का उदाहरण हुन् होटल व्यवसाय सञ्चालन गर्ने मिना राई । संस्थाको तालिम, परामर्श तथा वित्तिय सहयोगका कारण उनको सहज जीवनयापन र बचत सम्भव भएको छ र त हिजो भन्दा आज थप व्यवस्थित रुपमा होटल सञ्चालन गरीरहेकी छन्, दंग छिन् उनी आफ्नो व्यवसायिक सफलता देखि । साच्चै **सदस्यको रोजाई बनेको छ हिमाल सहकारी** ।